# स्थानीय राजपत्र

## सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८, संख्याः ८, असार २३ गते, २०८१ साल**


## भाग-२

## सरुमारानी गाउँपालिका

## बालसमुह एवं बालसंजाल गठन/संचालन सम्वन्धी निर्देशिका, २०८१

स्वीकृत मितिः २०८१।३।२२

प्रमाणिकरण मितिः२०८१।३।२३

***प्रस्तावना :***

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरुको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन, नेपाल सरकारले लागु गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका अन्तर्गत बालसमुह गठन तथा संचालन प्रक्रियालाई सहज, व्यवस्थित र प्रभावकारी ढङ्गले लागु गर्न गराउन, बालमैत्री स्थानीय शासनलाई सार्थकता प्रदान गर्न, बालअधिकारको सुनिश्चितता गर्न, बालबालिका केन्द्रित विकास प्रकृयालाई अगाडि बढाउन एवं बालबालिकाहरुलाई संगठित रुपमा परिचालीत गर्न सहयोग पुगोस भन्ने उद्धेश्यले सरुमारानी गाउँपालिकाले यस निर्देशिका जारी गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ल दिएको अधिकार प्रयोग गरी सरुमारानी गाउँपालिकाले यो बालसमुह गठन तथा संचालन निर्देशिका जारी गरेको छ।

### परिच्छेद - १
### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस निर्देशिकाको नाम "बालसमुह एवं बालसञ्जाल गठन/संचालन निर्देशिका-२०८१" रहेको छ।

१.२ यो निर्देशिका गाउँ कार्यपालिका वैठकले निर्णय गरेको मितिबाट लागू हुनेछ।

**१.२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **स्थानीय तह** भन्नाले सरुमारानी गाउँपालिका लाई जनाउनेछ।

(ख) **सेवा प्रदायक कार्यालय** भन्नाले नेपाल सरकार, प्रदेश सरकार, तथा स्थानीय तह अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका कार्यालय, स्वास्थ्य संस्था, विद्यालय श्रोत केन्द्र, प्रहरी कार्यालय तथा सम्बन्धीत अन्य निकायहरुलाई जनाउनेछ ।

(ग) **बालबालिका** भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ ले तोकेको उमेर तथा नेपाल पक्ष रहेको प्रचलित कानून एवं बालअधिकार सम्बन्धी महासन्धीले परिभाषित गरे बमोजिम १८ वर्ष मुनीका व्यक्तिलाई जनाउनेछ ।

(घ) **बालसमुह** भन्नाले यस निर्देशिका बमोजिम गठन भई स्थानीय तहमा सुचिकृत भएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाको संगठनलाई जनाउनेछ । बालसमुह समुदाय, वडा एवं विद्यालयस्तरमा गठन हुन सक्ने छ ।

(ङ) **बाल सञ्जाल** भन्नाले यस निर्देशिका बमोजिम गठन भएको वडा एवं गाउँपालिका स्तरको बाल संजाललाई जनाउनेछ । बाल सञ्जाल वडा र गाउँपालिका स्तरमा गठन हुन सक्नेछ । बिद्यालय, वडा वा गाउँपालिका भित्र रहेका बिभिन्न बालसमुहका प्रतिनिधीहरुको भेलाले सबै समुहहरुको साझा भलाईका लागि काम गर्न समाबेशी सहभागिताको आधारमा गठन गरिएको कम्तिमा ७ देखि बढिमा २१ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

(च) **" ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउनेछ ।

(छ) **" गाउँ सभा "** भन्नाले सरुमारानी गाउँपालिका को गाउँसभालाई सम्झनु पर्दछ ।

(ज) **"बालमैत्री स्थानीय शासन गाउँ समिति"** भन्नाले सरुमारानी गाउँपालिका को बालमैत्री स्थानीय गाउँपालिका स्तरीय समितिलाई जनाउँदछ ।

(झ) **"गाउँपीलका अध्यक्ष वा प्रमुख"** भन्नाले सरुमारानी गाउँपालिका को अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्तिलाई जनाउँदछ ।

(ञ) **"कार्य समिति"** भन्नाले बाल समुह वा बालसंजालको क्रियाकलाप संचालन गर्नको लागि बालसमुहकै सदस्यहरुबाट छानिएर निर्माण गरिएको सम्बन्धीत समिति सम्झनु पर्दछ ।

(त) **"पदाधिकारी"** भन्नाले यसै निर्देशिका अनुसार गठन भएका बालसमुह र बालसंजालको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र कार्य समिति सदस्यहरुलाई सम्झनु पर्दछ ।

(थ) **"संरक्षक"** भन्नाले

– गाउँपालिका स्तरीय बालसंजालको हकमा गाउँपालिका अध्यक्ष वा निजले तोकेको गाउँपालिकाको कर्मचारी वा बालबालिकाको क्षेत्रमा कार्यरत संघ सस्थाको प्रतिनीधी वा समाजसेवीलाई सम्झनुपर्दछ ।

– वडा बाल संजालको हकमा वडाध्यक्ष वा निजले तोकेको बालबालिकाको क्षेत्रमा कार्यरत संघ सस्थाको प्रतिनिधी वा समाजसेवीलाई सम्झनुपर्दछ ।

–समुदाय स्तरमा गठित बालसमुहको हकमा समुदायको भेलाले तोकेको बालअधिकारको क्षेत्रमा क्रियाशिल, सामाजिक व्यक्तित्व, टोल विकास संस्थाको पदाधिकारीलाई सम्झनुपर्दछ ।

– बिद्यालय स्तरमा गठित बाल समुहको हकमा बिद्यालयको प्रधानाध्यापक वा निजले तोकेको व्यक्तिलाई सम्झनुपर्दछ ।

(ड) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले सरुमारानी गाउँपालिका को गाउँ सभा वा बोर्डवाट निर्णय गरी समय समयमा जारी गरिएका विषय वा निर्देशन वा निर्णयलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## बालसमुह एवं बालसंजाल गठन, पुर्नगठन र संचालन

### २.१. बालसमुहको गठन र संचालन प्रक्रिया

(१) सामान्य अवस्थामा २५ वा सो भन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सवाल तथा सरकोरहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको बालबालिकाको समुहलाई नै बालसमुह मानिनेछ ।

(२) सबै बालसमुहहरु स्थानीय तहमा अनिवार्य सूचीकृत र नवीकरण हुनुपर्नेछ ।

(३) एउटा वडामा कम्तिमा ३ ओटा र विद्यालयमा कम्तिमा १ ओटा बालसमुह गठन भएको हुनुपर्नेछ ।

(४) ८ बर्षदेखि १८ बर्ष उमेर समूहका बालबालिका भेला भएर बाल समुह गठन गर्न सक्नेछन् ।

(५) १० बर्षदेखि १८ वर्ष उमेर समूहका बालबालिका बालसमुह/संजालको कार्य समितिमा रहन सक्नेछन् ।

(६) ८ बर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरू कम्तिमा ७ देखि १५ जनाको कार्य समिति सहित आवश्यकता अनुसारको सदस्य संख्यामा बाल समुह गठन गरी परिचालित हुन सक्नेछन् । सामान्यतया कम्तिमा २५ देखि बढिमा ३० जना सदस्य रहनु बाञ्छित मानिन्छ । तर कुनै विद्यालय वा समुदायमा ७ जनाभन्दा कम विद्यार्थी वा बालबालिका भएमा जति जनाको पनि समुह हुन सक्ने छ ।

(७) विद्यालयको सहयोगमा बालबालिकाहरूले विद्यालयस्तरमा तहगत तथा विभिन्न सवालगत बाल समुहहरू गठन गरी परिचालित हुन सक्नेछन् ।

(८) वडा र गाउँपालिका स्तरमा गठित संजाल र प्रत्येक विद्यालय र समुदायमा गठित बालसमुहहरूलाई गाउँपालिका र वडाहरुमा सुचिकृत गर्नुपर्नेछ ।

(९) गाउँपालिकाले आफु र वडा मातहात सुचिकृत भएका बालसमुहहरूको बार्षिक भेला गराई सो भेलाबाट वडा तथा पालिकास्तरीय बाल संजाल गठन गरि परिचालनका लागि सहयोग पुऱ्याउनु पर्नेछ ।

### २.२. बाल संजाल गठन

**(१) वडा स्तरीय बाल संजाल :** वडा अन्तर्गतका विद्यालय र समुदाय स्तरमा गठन भई वडा कार्यालयमा सुचिकृत भएका बालसमुहहरुको कम्तिमा १/१ जना पदाधिकारी रहने गरी वडास्तरको बालबालिकाको भेलाबाट कम्तिमा ७ देखि बढिमा १५ सदस्यीय वडा स्तरीय बाल संजाल गठन हुनेछ ।

**(२) गाउँपालिका स्तरीय बाल संजाल :** गाउँपालिकाको सबै वडामा गठन भएका वडा स्तरीय बाल संजालबाट कम्तिमा १/१ जना पदाधिकारी रहने गरी कम्तिमा १६ देखि बढिमा २१ सदस्यीय गाउँपालिका स्तरीय बाल संजाल गठन हुनेछ ।

### २.३. बालसमुह गठनका लागि सुचना, भेलाको आयोजना तथा अभिमुखीकरण

बालसमुह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रकृया पुरा गर्नुपर्ने हुन्छ :

(क) समुदायमा आधारित बालसमुह गठन गर्न चाहाने व्यक्ति, समुह तथा संगठनले बालसमुह गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्यूनतम ५ दिन अगावै सम्बिन्धत समुदायका बालबालिका तथा अभिभावकहरुलाई खुला सुचना दिनुपर्नेछ ।

(ख) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाहरूमा समेत दिनुपर्नेछ ।

(ग) सूचना उपलब्ध गराउने विधिमा स्थानीय तह वा तिनका वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

(घ) बाल समूह गठन गर्ने भेलामा सामान्यतया २५ जना बालबालिकाको उपस्थिति हुन पर्नेछ ।

(ङ) यस्तो भेला बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गर्नु पर्नेछ ।

(च) भेलामा छलफलका विषयहरु :बालअधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बालसहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, स्थानीय तहमा बाल समूह गठन गर्नुको कारण र योजना, बाल समूहको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन ।

(छ) यस्ता अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ । यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्नेखालका छनै न् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ ।

(ज) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिंग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ ।

(झ) विद्यालयमा आधारित बाल समूह गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनुपर्दछ । एवं भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नु पर्नेछ ।

(ञ) विषयगत बाल समूह गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

## २.४. नेतृत्व चयन

**(१)** उपदफा २.३ बमोजिमको भेलामा सहभागी बालबालिकाको सहमति भएमा देहायको आधारमा बाल समूहको नेतृत्व चयन गर्न सकिने छ ।

**(क) बहुपदीय नेतृत्व** : टोल तथा विद्यालय स्तरीय बालसमुहको गठन साधारण सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रक्रियाबाट हुने छ । बालसमुहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व सहितको समुह यस प्रकारको हुनेछ :

| | |
|---|---|
| १.अध्यक्ष | १ जना |
| २. उपाध्यक्ष | १ जना |
| ३. सचिव | १ जना |
| ४. सह सचिव | १ जना |
| ५. कोषाध्यक्ष | १ जना |
| ६. सदस्य | घटिमा २ र बढीमा १० जना सम्म |
| ७. सल्लाहकार | आवश्यकता अनुसार |

८. संरक्षक १ जना

**(ख) चक्रिय नेतृत्व** : बाल समूहमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिँदै जाने ।

**(ग) संयोजन समूह** : बाल समूहमा निश्चित संख्यामा संयोजन समूह बन्ने । बाल समूहको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्ने जिम्मेवारी तोक्ने ।

(२) बाल समूहको कार्यसमिति संख्या ७ देखि २१ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(३) बाल समूहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्नेछन् । यस्तो उपसिमितिमा ३ देखि १५ जना सम्म सदस्य रहनेछन् ।

(४) बाल समूहको नेतृत्वमा ५० प्रतिशत बालिका, समग्रमा १० प्रतिशत दलित बालबालिका र ५ प्रतिशत अपाङ्गता भएका बालबालिका सदस्यहरूका लागि सिट संख्या आरक्षित गर्नुपर्नेछ वा स्थान अनुसार व्यवस्थित हुनेछ ।

(५) बाल समूहको पदाधिकारीमा बालक र बालिकाको संख्या बराबरी छान्नु पर्नेछ ।

(६) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाउने छैन्न । तर बाल समूहका नेतृत्वमा रहको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(७) समुदायमा आधारित बाल समूहको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ भने विद्यालयमा आधारित बाल समूहको नेतृत्व परिवर्तन हरेक वर्ष गर्नु पर्नेछ ।

(८) एकै व्यक्ति बाल समूहको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्क्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन ।

(९) ८ वर्ष भन्दा कम उमेर समूहका बालबालिकालाई बाल समूहको नेतृत्वमा रहने छैन्न ।

(१०) बाल समूहका सदस्यहरूमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिनेछ :

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल समूहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्ने ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।

(घ) नेतृत्व गर्न चाहनेहरूमाझको सान्दर्भिक समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।

(ङ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरू मध्येबाट मतदान प्रक्रियावाट चयन गर्नुपर्नेछ । मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्तावाट गर्नु पर्नेछ । मतदान प्रक्रियामा जाँदा व्यक्तिगत प्रचारप्रसार गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ ।

**८. सञ्जालहरूको गठन**

(१) बाल समुहहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल समूह सञ्जालको गठन गर्न सकिनेछ ।

(२) बाल सञ्जाल वडा स्तर र गाउँपालिका स्तरका हुनेछन् । स्थानीय तहमा आवश्यकता महसुस भएमा जिल्ला तहमा पनि बाल सञ्जाल गठन गरी सञ्चालन गर्न सकिनेछ ।

(३) बाल सञ्जाल गठन गर्नका लागि गाउँपालिका र वडा तहमा बाल समूहहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय तथा विद्यालय) बाल समूहहरूलाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ : (क) भेलाको मिति, समय र स्थान

(ख) भेलामा छलफल हुने विषयहरू

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल समूहको प्रतिनिधि संख्या (जात जाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हने सेवा र सुविधा

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु ।

(३ वडास्तरीय बाल संजालको गठन टोल टोलमा र विद्यालयमा गठित बालसमुहहरुबाट कम्तिमा ३/३ जना वडामा प्रतिनिधि भएर वडा बालभेलामा आएका जम्मा सदस्यहरुले निम्नअनुसार पदाधिकारी निर्वाचित गर्नेछन् :

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) उपाध्यक्ष | १ जना |
| ग) सचिव | १ जना |
| घ) सह सचिव | १ जना |
| ङ) कोषाध्यक्ष | १ जना |
| च) सदस्य | कम्तिमा २ बढिमा १० जना |

(४) गाउँपालिका स्तरको बाल संजाल गठन : वडा वडामा गठित बालसमुह सञ्जालहरुबाट कम्तिमा ३ र बढिमा ५ जना (अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष) गाउँपालिका स्तरीय भेलामा प्रतिनिधि भएर आएका जम्मा सदस्यहरुले निम्नानुसार पदाधिकारी चयन गर्नेछन् :

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | १ जना |
| (ग) सचिव | १ जना |
| (घ) सह सचिव | १ जना |
| (ङ) कोषाध्यक्ष | १ जना |
| (च) सदस्य | कम्तिमा ११ बढिमा १६ जना |

छ) सल्लाहकार : बालक्लब वा संस्थाको पूर्व सदस्यमध्येबाट बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालको कार्यसमितिले तोकेको १ जना र गाउँपालिकाको बालबालिकाको विषय हेर्ने शाखाले तोकेको १ जनागरी जम्मा २ जना

(५) उपदफा (४) को खण्ड (क) र (ख) अनुरूपका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना बालिका हुनु पर्नेछ ।

(६) बालसमुहको गाउँपालिकास्तरीय सञ्जालको पदाधिकारी तथा कार्यसमितिका सदस्यको पदावधि २ वर्षको हुनेछ र एकैजना व्यक्ति एउटै पदमा एक कार्यकालभन्दा बढी बस्न पाउने छैन ।

(७) बालसमुहको गाउँपालिकास्तरीय सञ्जालको सहजीकरण गर्न गाउँपालिकाको बालबालिकाको विषय हेर्ने शाखाले १ जना सहजकर्ता तोक्न सक्नेछ ।

(८) बाल समूहका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ ।

(क) आफ्नो बाल समूहमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ,

(ग) समुदायमा आधारित बाल समूहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(८) बालसमुहले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउनु पर्नेछ ।

(९) सञ्जाल भेलामा सहभागी हुने बालसमुह प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(१०). नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

(१) बाल समुह तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(४) बालबालिका माँझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

## ११. बालसमुह र सञ्जालको दर्ता तथा नवीकरणसम्बन्धी व्यवस्था :

(१)बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता एवं नवीकरण देहायबमोजिम हुनेछ :

(क) वडाभित्र गठन भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृतमध्ये विषयगत बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता गाउँपालिकामा गरिनेछ,

(ख) वडाभित्र गठन भएका बालसमुह तथा वडास्तरीय सञ्जालको खण्ड (क) बमोजिम दर्ता प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस दिनु पर्नेछ,

(ग) बालसमुह वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल दर्ता गर्नका लागि गाउँपालिकामा देहायका विवरण एवं कागजातसहित निवेदन दिनु पर्नेछ :

(अ) बाल समुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल दर्ता गर्न चाहने बालबालिकाको नामथर, लिङ्ग, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगानासहितको विवरण,

(आ) प्रस्तावित बाल समुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल गठन गर्ने सम्बन्धमा भएको छलफल एवं निर्णयको प्रतिलिपि,

(इ) बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको उद्देश्य तथा सोमार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ई) बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिका पदहरूको विवरण ।

(घ) खण्ड (ग) बमोजिम निवेदन आएमा गाउँपालिकाले बाल समुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता गरी, दर्ता किताबमा विवरण दाखिला गरी प्रमाणपत्र दिनु पर्नेछ,

(ङ) बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको नवीकरण प्रत्येक दुई वर्षमा गर्नु पर्नेछ,

(च) खण्ड (ङ) बमोजिम नवीकरणको लागि बाल समुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले दर्ताको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र देहायको विवरण खुलाई गाउँपालिकामा निवेदन दिन सक्नेछन् :

(अ) बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण, र

(आ) बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका सदस्य तथा कार्यसमितिका पदाधिकारी एवं सदस्यको विवरण ।

(छ) खण्ड (च) बमोजिम निवेदन आएमा गाउँपालिकाले बाल समुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको नवीकरण गरिदिई तत्सम्बन्धी अभिलेख दुरुस्त राख्नु पर्नेछ,

(ज) बाल समुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता तथा नवीकरण निःशुल्क गरिनेछ ।

(२) महिला तथा बालबालिका शाखाले आफ्नो गाउँपालिकाभित्र दर्ता, नवीकरण भई सञ्चालनमा रहेका बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको अभिलेख वार्षिक रूपमा अद्यावधिक गरी दुरुस्त राख्नु पर्नेछ ।

(३) महिला तथा बालबालिका शाखाले बालसमुह तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको विवरण वार्षिक रूपमा गाउँपालिका, लुम्बिनी प्रदेशको प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पठाउनु पर्नेछ ।

(४) गाउँपालिकाले बालसमुह, वडा वा गाउँपालिकास्तरीय सञ्जालको प्रगति एवं उपलब्धिको प्रकाशन र प्रसारण गर्न सक्नेछ ।

## परिच्छेद - ४
## बालसमुह एवं बालसंजालको कार्यक्षेत्र, उद्धेश्य, कार्यालय र सदस्यता

### ४.१ कार्यक्षेत्र :

बालसमुह एवं बालसंजालको कार्यक्षेत्र समुदाय, विद्यालय, वडा र सरुमारानी गाउँपालिका रहने छ । यसका अलवा आवश्यकताअनुसार बाल समुहहरूले जिल्ला, क्षेत्र तथा राष्ट्रिय स्तरमा समेत संगठित हुने, बैठक अन्तरक्रिया सञ्चालन गर्ने, सहभागी हुनुका साथै बालअधिकार प्रवर्द्धन सम्बन्धी विभिन्न वकालती कार्यहरू सञ्चालन गर्न सक्नेछन् ।

### ४.२ बालसमुह एवं बालसंजालका उद्देश्यहरू, काम, कर्तव्य र अपेक्षित क्रियाकलापहरु :

४.२.१ स्थानीय स्तरमा बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि संगठीत भई सचेतना अभिवृद्धि गर्ने ।

४.२.२ शैक्षिक गतिविधी एंव अतिरिक्त क्रियाकलापका लागि विद्यालय प्रशासन तथा अभिभावकसँग समन्वय गर्ने ।

४.२.३ बालअधिकारको चेतना जगाउने भित्ते पत्रिका, समाचार, रेडियो/टेलिभिजन कार्यक्रम, बुलेटिन, पोष्टर, मुखपत्र, पत्रिका जस्ता प्रचार सामाग्रीहरु प्रकाशन प्रशारण गर्ने ।

४.२.४ बालबालिकाको शैक्षिक र नेतृत्व विकास गर्ने विभिन्न रचनात्मक कृयाकलापहरू संचालन गर्ने।

४.२.५ बालबालिकासँग सम्बन्धीत विभिन्न संघ संस्थासँग सम्बन्ध र समन्वय कायम गरी बालबालिकाको उच्चतम हितमा निरन्तर कार्य गर्ने ।

४.२.६ बालबालिकालाई कुलत, दूर्व्यवसन, दूर्व्यवहार, भेदभाव र खराव आचरणबाट बचाउन सक्रिय रहनुका साथै प्रकृति र वातावरण संरक्षण प्रति योगदान पुऱ्याउने ।

४.२.७ बालबालिकाको लागि ज्ञानमुलक तथा प्रतिभा प्रस्फुटन, सांस्कृतिक गतिविधी तथा अन्य प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने ।

४.२.८ बाल भेला, छलफल, अन्तरक्रिया र गोष्ठीहरु आयोजना गर्ने ।

४.२.९ विद्यालय तथा समुदायको विकासमा सदैव जागरुक भई योगदान पुऱ्याउने ।

४.२.१० विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना तथा निरन्तरताको लागि आवश्यक अभियान संचालन गर्ने ।

४.२.११ शैक्षिक संस्थालाई शान्ति क्षेत्र बनाउने विभिन्न गतिविधिहरु संचालन गर्ने ।

४.२.१२ बालबालिकाको नेतृत्व विकास, स्वास्थ्य र सरसफाईसम्वन्धी रचनात्मक कार्यक्रमहरू संचालन गर्ने ।

४.२.१३ शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउने ।

४.२.१४ अपाङ्गता वा अन्य कारणहरूले गर्दा शैक्षिक अवसरबाट बञ्चित बालबालिकाको लागि मैत्री बिद्यालय निर्माणका निम्ति सहयोग पुऱ्याउने ।

४.२.१५ आफ्नो घरपरिवार, समुदाय र विद्यालयमा बालबालिकाको निम्ति समावेशी र सुरक्षित वातावरण सृजना गर्न क्रियाशिल रहने ।

४.२.१६ बालबालिकाहरू बिच आपसी मेलमिलाप तथा सहिष्णुताको भावना विकास गर्दै समाजमा रहेका विकृतिहरूको अन्त्यका निम्ति व्यवहारिक सिपमा अभ्यास गर्दै सामाजिक परिवर्तनको लागि परिचालित हुने ।

४.२.१७ घरपरिवार, समुदाय र विद्यालयमा बालअधिकार हननका घटनाहरूको खोजी एवं आवश्यकता अनुसार सार्वजनिकरण गर्नुका साथै बालबालिकाले भोगेका समस्याहरू समाधानका निम्ति परिचालित हुने ।

४.२.१८ माथिका वा अन्य कार्य गर्दा बालक्लव एवं बालसंजालहरुले सहजकर्ता वा संरक्षक, अविभावक र शिक्षकको सल्लाह र परामर्श विना कार्य गर्न पाइने छैन । जसलाई पालना गर्नु बालक्लव एवं बालसंजालको कर्तब्य हुनेछ ।

### ४.३ बालक्लव एवं बाल संजालको कार्यालय :

प्रत्येक बालसमुह एवं बालसंजालको आफ्नै सचिवालय रहने छ । यसका लागि बालसमुहले आफै व्यवस्था गर्न नसकेको स्थितिमा सम्बन्धीत समुदाय, टोल वडा, गाउँपालिका र विद्यालयद्वारा बालसमुहहरूको निम्ति आवश्यकताअनुसार सचिवालयको व्यवस्था मिलाउन सहयोग गर्नु पर्नेछ ।

### ४.४ सदस्यता :

४.४.१ विद्यालयमा सञ्चालित बालसमुहको हकमा विद्यालयमा अध्ययनरत बालबालिकाहरू विद्यालयमा रहुन्जेल मात्र बालसमुहको सदस्य हुन योग्य हुनेछन् ।

४.४.२ समुदायमा रहेका बालबालिकाहरु १८ वर्ष उमेर पूरा नहुन्जेलसम्म बालसमुहका सदस्य हुन योग्य हुनेछन् ।

४.४.३ बालसमुहमा निम्न प्रकारका सदस्य रहन सक्नेछन् ।

क) साधारण सदस्य

ख) संस्थापक सदस्य

ग) सल्लाहकार सदस्य

**४.५ सदस्यता प्राप्त गर्ने विधि :**

४.५.१ इच्छुक बालबालिकाले आफ्नो उमेर खुलाई बालसमुहमा आवद्धताका लागि आवेदन गरेपछि कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछ ।

४.५.२ बालसमुहको सदस्यता प्राप्ती गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

४.५.३ स्थापना कालका सदस्यहरू संस्थापक सदस्य हुनेछन् ।

४.५.४ बालसमुहको नेतृत्वमा रही काम गरेका वा १६ वर्ष माथिका र १८ वर्षमुनिका वा बालबालिकाको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका व्यक्तिलाई बालसमुह र संजालको कार्यसमितिले सल्लाहकार सदस्य रहनमा मनोनयन गर्न सक्नेछन् ।

## परिच्छेद - ५

## बालसमुह एवं बालसंजालको भेला वा साधारण सभा, कार्यसमितिको निर्वाचन, पदावधि, कार्यसमितिको बैठक, कार्यसमिति एवं यसका पदाधिकारीहरुको काम कर्तब्य र अधिकार

**५.१ बालसमुह एवं बालसंजालको बालभेला र साधारण सभा :**

५.१.१विद्यालय तथा समुदाय स्तरमा रहेका बालसमुहहरुको साधारण सभा वार्षिक रुपमा हुनेछ । सम्बन्धित समुहका सबै सदस्यहरू उक्त भेलाका सभासद हुन योग्य हुनेछन् । हरेक बालसमुह वा बालसंजालको शुरुमा गठन गर्दा बालभेला गरिनेछ । त्यस पछि त्यस्ता बालसमुह एवं बालसंजालको पुर्नगठन वा नयाँ निर्वाचन गर्दा साधारण सभा गरिनु पर्नेछ ।

५.१.२ साधारण सभामा बालसमुह एवं बालसंजालको गतिविधि प्रस्तुत गरी आवश्यक नीति तथा कार्ययोजना तयार गर्ने साथै विगतको कार्यक्रमहरुको बारेमा समेत समीक्षा गरिने छ ।

५.१.३ प्रत्येक वर्ष विद्यालयमा बस्ने साधारण सभाले बालसमुहको वार्षिक आय व्यय तथा कार्यक्रम पारित गर्नुका साथै नयाँ कार्य समितिको चयन गर्नेछ भने समुदायस्तरको बालसमुहले वर्षिक साधारण सभा गरी आय व्यय तथा कार्यक्रम पारित गर्नेछ । प्रत्येक २/२ वर्षमा नयाँ कार्य समितिको चयन गर्नेछ ।

५.१.४ साधारण सभाले अन्य आवश्यक कार्यहरु गर्नेछ ।

५.१.५ साधारण सभाले कार्यसमितिलाई विशेष निर्देशन, सहयोग र सरसल्लाह दिनेछ ।

५.१.६साधारण सभामा उपस्थित हुनको लागि सम्पूर्ण सदस्यहरूलाई कम्तिमा ७ दिन अगावै सूचना दिनुपर्नेछ ।

५.१.७ सधारण सभाको बैधानिक संचालनका लागि कूल सदस्य संख्याको कम्तीमा वहुमत (५१ प्रतिशत) उपस्थित हुनु पर्नेछ । यदि गणपुरक संख्या प्रयाप्त हुन नसकेर स्थगन गरिएको बैठक

सोहि बिषयउपर छलफल तथा निर्णय गर्नका लागि स्थगन भएको मितिले ७ दिन भित्रमा पुन बस्न सक्नेछ । पुन बस्ने बैठकका लागि जे जति सदस्यहरु उपस्थित छन् त्यसैलाई नै गणपुरक संख्या मानि बैठक सुचारु रुपमा अगाडि बढ्न सक्नेछ ।

५.१.८साधारण सभामा उपस्थित पदाधीकारीहरु तथा सदस्यहरुको उपस्थिति, छलफलको बिषयसूची र बिषयसूची अनुसार छलफल गरिएको निर्णयलाई निर्णय पुस्तिका (माईन्यूट) मा लेखेर राखिने छ । यसको प्रमाणीकरणका लागि सभाको सभापति, सचिव र कम्तीमा एक जना साधारण सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

५.१.९सल्लाहाकार बाहेक अन्य प्रत्येक साधारण सदस्य लाई मतदानको अधिकार हुनेछ ।

## ५.२ बालसमुह एवं बालसंजालको कार्यसमितिको गठन विधि तथा पदावधि :

५.२.१ साधारण सभाले विद्यालयस्तरको बालसमुहको प्रत्येक १ वर्षमा र समुदाय स्तरीय बालसमुह, बाल संजालको प्रत्येक २ बर्षमा आफ्ना सदस्यहरुबाट अध्यक्ष-एक, उपाध्यक्ष-एक, सचिव-एक, सहसचिव-एक, कोषाध्यक्ष-एक, र बाँकी सदस्यहरुको समावेशिताको आधारमा सर्वसम्मत वा निर्वाचन गरी घटिमा सात र वढीमा २१ (बालसमुह बढीमा १५, संजाल बढीमा २१) जनाको कार्य समिति गठन गर्नेछ । तर कुनै विद्यालय वा समुदायमा ७ जना भन्दा कम विद्यार्थि र बालबालिका भएमा जति जनाको पनि बालक्लवको कार्यसमिति गठन गर्न सकिनेछ ।

५.२.२ यसरी गठन भएको कार्यसमितिको पदावधि विद्यालयको १ वर्ष र समुदायको २ वर्षको हुनेछ ।

५.२.३कार्यसमितिका पदाधिकारीहरु पुनः निर्वाचित हुन सक्नेछन् तर एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष पदमा बहाल पदाधिकारी भने सोही पदमा पुन निर्वाचित हुन सक्ने छैनन् ।

५.२.४ बालसमुहमा बालक र बालिकाको समान प्रतिनिधित्व हुनुपर्दछ (सम्भव भए सम्म ५०/५० प्रतिशत) । तर वडा र नगर स्तरीय बाल संजालमा दलित, जनजाति, पिछडिएको वर्ग, सबै क्षेत्र, अपांगता भएका र विशेष परिस्थितिका बालबालिका समेतको समावेशी प्रतिनिधित्वलाई प्राथमिकता दिनुपर्दछ ।

५.२.५ एउटै समयमा समुह एवं संजालका महत्वपूर्ण ५ पदमा वहाल रहेको पदाधिकारी सो भन्दा माथिल्लो तहको मुख्य पदमा वहाल रहेमा स्वतः सबैभन्दा तल्लो तहको पद निश्क्रिय हुनेछ र यस्तो पदमा अर्को व्यक्ति मनोनयन हुन सक्नेछ ।

## ५.३ बालसमुह एवं बालसंजालको कार्य समितिको बैंठक :

५.३.१ अध्यक्ष संगको सल्लाह अनुसार सचिवले कार्यसमितिको बैंठक बोलाउनेछ ।

५.३.२ कार्य समितिको बैंठक कम्तिमा नियमित रुपमा महिनामा एक पटक बस्नेछ ।

५.३.३ कार्यसमितिको बैठकमा लगातार तीन पटकसम्म विना जानकारी उपस्थित नभएमा कार्यसमितिले त्यस्तो सदस्यलाई सफाईको मौका समेत दिई पदमुक्त गर्न सक्नेछ । त्यस्तो रिक्त पदका लागि सल्लाहकार तथा संरक्षकको परामर्शमा कार्यसमितिले बाँकी सदस्यहरूमध्येबाट पुन मनोनयन गर्न सक्नेछ ।

५.३.४ सचिवको अनुपस्थितिमा अध्यक्ष आफैले वा सह-सचिव मार्फत बैठक बोलाउन सक्नेछ ।

५.३.५ अध्यक्षले बैठक नबोलाएमा बहुमत सदस्यको अनुरोधमा उपाध्यक्ष वा सचिव समेतले बैठक बोलाउन सक्नेछ ।

५.३.६ कार्य समितिको कुनै सदस्यको स्थान रिक्त भएमा कार्यसमितिले निर्णय गरि पदपूर्ति गर्न सक्नेछ।

## ५.४ बालसमुह एवं बालसंजालका पदाधिकारीहरूको काम, कर्तव्य र जिम्मेवारी :

- **अध्यक्ष :**

क) बालक्लव एवं बालसंजालको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

ख) बालक्लव एवं बालसंजालको हितको लागि गर्नु पर्ने कतर्व्यको प्रमुख दायित्व बहन गर्ने ।

ग) मत बराबर भएमा निर्णायक मत दिने ।

घ) बालक्लव एवं बालसंजालको उद्देश्य पुरा गर्न अन्य आवश्यक कामहरु गर्ने ।

ङ) कार्य समिति, विद्यालय, अभिभावक, समुदाय, गाउँपालिका, जि.वि.स., जिल्ला बाल कल्याण समिति र अन्य संघ संस्था विच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

च) कुनै क्षेत्रको कार्यक्रममा जानका लागि आफ्नो कार्यसमितिको बैठक बस्न नसक्ने अवस्थामा पछि समर्थन जुटाउने गरी बालक्लव एवं बालसंजालका प्रतिनिधी चयन गर्ने ।

- **उपाध्यक्ष :**

क) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएका सम्पूर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कामहरु गर्ने ।

ग) अध्यक्षको कार्यसम्पादनको निम्ति अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

- **सचिव :**

क) कार्य समितिको बैठक बोलाउने र बैठकमा राखिने विषयहरुको बारेमा अग्रिम जानकारी सम्बद्ध सबैलाई दिने ।

ख) बालक्लव एवं बालसंजालको तर्फबाट पत्राचार गर्ने ।

ग) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

घ) बालक्लव एवं बालसंजालका सदस्यहरूको सूचना अद्यावधिकरण, समूहले गरेको मुख्य-मुख्य कामको प्रगति प्रतिवेदन तयार गरी अद्यावधिकरण गर्ने, बार्षिक भेलामा गत वर्षका प्रगति एवं आगामी वर्षको योजना तयार गरी छलफल तथा पारितका लागि पेश गर्ने ।

ङ) बैठकको उपस्थिति उठाउने तथा निर्णयहरूको अभिलेख राख्ने ।

- **सह-सचिव :**

क) सचिवको अनुपस्थितिमा निजले गरी आएका सम्पूर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

ग) सचिवको काममा सहयोग गर्ने ।

- **कोषाध्यक्ष :**

क) बालक्लव वा बालसंजालको आम्दानी खर्च तथा हर हिसाव रितपूर्वक राख्ने ।

ख) बालक्लव वा बालसंजालको सम्पूर्ण नगदी जिन्सीहरुको जिम्मेवारी लिई त्यस सम्बन्धी श्रेस्ता अद्यावधिक राख्ने ।

ग) बालक्लव वा बालसंजालको आय व्ययको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

● **सदस्य :**

क) बालक्लव वा बालसंजालको बैठकमा नियमित उपस्थित हुने ।

ख) बालक्लव वा बालसंजालको हितका लागि सधै प्रयत्नशील रहने ।

ग) बालक्लव वा बालसंजालको बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

## ५.५ नगर स्तरीय बाल संजाल :

### क) वडा वा नगर स्तरीय बाल संजाल :

वार्षिक रुपमा विभिन्न विद्यालय स्तरीय बाल समुह, समुदाय र कार्यक्षेत्रमा रहेका बालक्लवहरु वीच आवश्यक समन्वय र सहकार्यको अवस्था सुनिश्चित गर्दै बाल क्लब परिचालनमा सहयोग पुऱ्याउनुका साथै नगर स्तरीय बालसरोकारका विषयहरूमा बाल सहभागिता सुनिश्चित गर्ने उद्देश्यले प्रत्येक गाउँपालिकाले बालक्लवहरुवीच नगर स्तरिय भेला सञ्चालन गरी बालबालिकाको समावेशी सहभागितामा ७ देखि २१ सदस्यीय नगर स्तरिय बाल सञ्जाल गठन एवं परिचालन सम्बन्धी व्यवस्थाको सुनिश्चितता गर्नुपर्नेछ । गाउँपालिका स्तरीय बाल संजालका पधाधीकारीको पदावधि २ वर्षको रहनेछ ।

### क.१) वडा वा नगर स्तरीय बाल संजालका काम, कर्तव्य र अधिकारहरू :

- बालअधिकार प्रवर्द्धन र सामाजिक रुपान्तरणको निम्ति क्रियाशिल रहने ।
- बाल सरोकारका विषयहरूमा वडा एवं गाउँपालिकासँग वकालती गर्ने ।
- बार्षिक कार्ययोजना तयार गरी सम्बन्धीत वडा एवं गाउँपालिकामा पेश गरी कार्यन्वयन गर्ने ।
- बालसरोकारका विषयहरूमा वडा एवं गाउँपालिका स्तरीय सरोकार निकायहरूलाई बालबालिकाको तर्फबाट राय उपलब्ध गराउने ।
- आफ्नो वडा एवं गाउँपालिका अन्तरगत रहेका बाल समूहहरुको आवश्यकता अनुसार अनुगमन एवं सुपरिवेक्षण गर्ने ।
- जिल्ला, नगर एवं वडा तहका सरोकार निकाय र गाउँपालिका एवं विद्यालय अन्तरगत रहेका बाल क्लवहरुबीच पुलको रुपमा कार्य गर्ने ।
- माथिका वा अन्य कार्य गर्दा बालसमुह र संजालहरुले बालमैत्री स्थानीय शासन नगर समिति, सहजकर्ता वा संरक्षक, सल्लाहकार अविभावक र शिक्षकको सल्लाह र परामर्श विना कार्य गर्न पाइने छैन । जसलाई पालना गर्नु बालसंजालको कर्तब्य हुनेछ ।

**५.६ सल्लाहकार समितिः**

हरेक बालसमुह एवं बालसंजालको एक सल्लाहकार समिति बनाउन सकिनेछ। समुदायस्तरको बालसमुह एवं विद्यालय स्तरको बालसमुह वा वडा र नगर बालसंजालको सल्लाहकार समिति गठन गर्दा १८ वर्ष मुनिका बालबालिका र बालअधिकारको क्षेत्रमा क्रियाशिल व्यक्ति मध्येबाट वढिमा ५ सदस्यि सल्लाहकार समिति गठन गर्न सकिनेछ। तर नगर स्तरको बालसंजालको सल्लाहकार समिति गठन गर्दा नगर प्रमुख, उपप्रमुख, गाउँपालिकाले तोकेको बालबालिकाको कार्यक्रम हेर्ने सम्बन्धीत कर्मचारी र बालबालिकाको क्षेत्रमा महहत्वपूर्ण योगदान गरेका समाजिक व्यक्तित्व/संघसंस्था लाई सल्लाहकारको रुपमा चयन गर्नेछ।

**६.४ बालसमुह एवं बालसंजालको आवद्धता, सुचिकृत र नविकरण वा अद्यावधिक :**

६.४.१ विद्यालय र समुदायमा गठित सवै बाल समुहहरु, वडा र नगर बाल संजालहरु गाउँपालिकामा सुचिकृत हुनुपर्नेछ।

( सुचिकृतको लागि सम्बन्धित बाल समुह र संजालले अनुसुची १ अनुसारको फारम भरी गा.पा. मा सुचिकृतका लागि आवेदन गर्नुपर्नेछ।)

६.४.२ सम्बन्धित गा.पा.ले आफु अन्तर्गत सुचिकृत हुन आएका बाल समुह र संजालहरूलाई अनुसुची २ बमोजिमको सुचिकृत किताव खडा गरी सुचिकृत गरिदिनुपर्नेछ।

६.४.३ सुचिकृत भएका सबै बाल समुह र संजालहरुलाई सम्बन्धित गा.पा.ले अनुसूची ३ बमोजिमको सुचिकृत प्रमाणपत्र दिनुपर्नेछ।

६.४.४ प्रत्येक २ वर्षमा सबै बाल समुह/संजालहरु सम्बन्धित गा.पा. मा नविकरण हुनुपर्नेछ। यसको लागि सम्बन्धित बाल समुह/ संजालले हरेक आर्थिक वर्षको असोज मसान्तभित्र अनुसुची ४ अनुसारको फारम भरी गा.पा. मा नविकरणका लागि आवेदन गर्नुपर्नेछ।

६.४.५ सुचिकृत तथा नविकरण निशुल्क गरिनेछ।

**६.५ बालसमुह एवं बालसंजालको योजना एवं कार्ययोजना तयारः**

६.५.१ हरेक बालसंजाल एवं बालसमुहहरुले आफ्नो योजना एवं कार्ययोजना वर्षिक रुपमा तयार गरि सम्वन्धीत विद्यालय र गाउँपालिकामा पेश गर्नुपर्नेछ। त्यस्तो कार्ययोजना बमोजिमका कार्यक्रमहरु संचालन गर्न विद्यालय, गाउँपालिका, सम्बन्धीत समुदाय, संघसंस्था/कार्यालयले सहयोग गर्नेछन्।

६.५.२ हरेक बालसंजाल एवं बालसमुहहरुले वर्षभरि गरिने अतिरिक्त क्रियाकलापहरुको कार्ययोजना वा क्यालेण्डर तयार गर्न सम्वन्धीत विद्यालय एवं गाउँपालिकाको सहयोग लिनेछन्।

**६.६ प्रतिवेदन तथा योजना पठाउनुपर्ने :**

६.७.१ प्रत्येक बालसमुहहरूले वर्षभर गरेका गतिविधीहरूको संक्षिप्त प्रतिवेदन तथा योजना तयार गरी वडा संजालमा पेश गर्नेछन् र वडा संजालले गाउँपाकि स्तरीय बाल संजालमा पेश गर्नेछ। गाउँपालिका स्तरीय बालसंजालले गाउँपालिका र सम्बन्धीत विषयगत कार्यालय/निकायमा पेश गर्नुपर्नेछ।

**६.७ समिक्षा, अनुगमन एवं मूल्यांकनः**

६.८.१ बाल समुह एवं बालसंजालहरुको क्रियाकलाप, योजना एवं प्रगति विवरणको आधारमा सम्भव भएसम्म अर्धवार्षिक र बार्षिक रुपमा समिक्षा गर्ने ब्यवस्था सम्वन्धीत विद्यालयहरु, वडा र गाउँपालिकाले मिलाउनु पर्नेछ।

६.८.२ बालसमुह एवं बालसंजालका क्रियाकलापहरुको अनुगमन एवं मूल्यांकन गर्ने जिम्मेवारी सम्वन्धीत विद्यालयका प्रधानाध्यापक, वडा कार्यालय, गाउँपालिका बालमैत्री स्थानीय शासन कार्यक्रम फोकल पर्सन, बाल कल्याण अधिकारी, सहजकर्ता, गाउँपालिका ,बालमैत्री स्थानीय शासन समिति र स्थानीय बाल अधिकार समितिको हुनेछ ।

**६.८ बालसमुह एवं बालसंजालको सक्रियता बृद्धि :**

**६.८.१ विद्यालयको विशेष भूमिका :**

- बालसमुहको गठन, पुर्नगठन, परिचालन, बाल योजना एवं कार्ययोजना, बजेट तयारी, योजनाको कार्यान्वयन एवं प्रतिवेदन, अतिरिक्त क्रियाकलाप संचालन गर्न १ जना शिक्षक वा शिक्षिकालाई विशेष जिम्मेवारी तोक्ने अनिवार्य ब्यवस्था गर्नु पर्नेछ ।
- बालसमुहको नियमित बैठक संचालन, शौचालय एवं कक्षा कोठाको सरसफाईको ब्यवस्था र बालमैत्री संरचना निर्माण तथा यथोचित मर्मत गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।
- बालमैत्री सिकाई पद्धति र बालमैत्री व्यवहार अवलम्बन गर्नुपर्नेछ ।

**६.८.२ वडा र गाउँपालिकाको विशेष भूमिका:**

- बालसमुह एवं बालसंजालको गठन, पुर्नगठन, परिचालन, बाल योजना एवं कार्ययोजना, बजेट तयारी, योजनाको कार्यान्वयन एवं प्रतिवेदन, अतिरिक्त क्रियाकलाप संचालन गर्न हरेक विद्यालयहरुलाई १ शिक्षक वा शिक्षिका तोक्ने ब्यवस्था मिलाउनु पर्नेछ । साथै वडा र गाउँपालिका बाट सम्बन्धीत क्षेत्रमा ज्ञान र सीप भएको व्यक्तिलाई बालबालिकाको कार्यक्रम हेर्ने गरी सहजकर्ताको रुपमा परिचालन गर्ने व्यवस्था मिलाउनेछ । गाउँपालिकाले वडा र विद्यालय स्तरमा सहयोग पुऱ्याउन स्वयंसेवकको व्यवस्था गर्नेछ , त्यस्ता स्वयंसेवकलाई खटिएवापत मासिक वा वार्षिक रुपमा यातायात/ खाजा खर्च बापत केहि रकम दिने ब्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद - ७
## विविध

**७.१ बालसमुह/वडा/नगरसंजालको छाप, लोगो तथा लेटर हेड :**

- प्रत्येक बालसमुहहरूले आफ्नो समुहको नाम, ठेगाना, स्थापना मिति र कुनै एक प्रतिक चिन्ह उल्लेख गरी समुहको लोगो तयार गरी प्रयोगमा ल्याउन सक्नेछ । नमुनाको लागि तल प्रस्तुत गरिएको छ ।

**लोगो नमूना**

माथि दिइएको लोगोमा बालसमुहको नाम भन्ने स्थानमा बालसमुह/संजालको नाम, ठेगाना, स्थापना मिति र कुनै एक मिल्दो जुल्दो प्रतिक चिन्ह उल्लेख गरी बालसमुह/वडा/नगर संजालको लोगो तयार गरी प्रयोगमा ल्याउन सक्नेछ।

- प्रत्येक बालसमुह वा बालसंजालले आफ्नो लोगो अनुसारको छाप बनाउन सक्नेछन्।
- प्रत्येक बालसमुह वा बालसंजालले आफ्नो लोगो उल्लेख गरी समुहको लेटरहेड तयार गरी प्रयोग गर्न सक्नेछन्।
- प्रत्येक बाल समुह एवं बालसंजालले आफ्नो लोगो उल्लेख गरिएको परिचय पत्र तयार गरी प्रयोगमा ल्याउन सक्नेछन्। परिचय पत्र प्रदान गर्दा संरक्षकद्वारा प्रमाणित गरिएको हुनु पर्नेछ।
- परिचय पत्रको म्याद तोकिएको समय अवधिसम्म मात्र रहनेछ।

### ७.२ संरक्षकको व्यवस्थाः

७.२.१ गाउँपालिका स्तरीय बाल संजालको हकमा गाउँपालिका/प्रमुख वा नीजले तोकेको बालबालिकाको क्षेत्रमा कार्यरत संघ सस्थाको प्रतिनिधी वा समाजसेवी संरक्षक हुन सक्नेछ ।

७.२.२ बिद्यालय स्तरमा गठित बाल समुहको हकमा बिद्यालयको प्रधानाध्यापक वा निजले तोकेको व्यक्ति र समुदायस्तरको बालक्लवको हकमा वडाका अध्यक्ष/सदस्य वा निज नभएमा वडा अध्यक्षले तोकेको बालबालिकाको क्षेत्रमा क्रियाशिल व्यक्ति संरक्षक हुन सक्नेछ।

### ७.३ बालक्लवको विघटन :

कुनै कारणबस बालसमुह संचालन हुन नसकी विघटित भएमा विद्यालयमा आधारित बालसमुहको चल अचल सम्पत्तिहरु सम्वन्धित विद्यालयमा र समुदायमा आधारित बालसमुहको सम्पत्तीहरू सम्बन्धीत वडा कार्यालयको नाममा स्वतः आउनेछ।

### ७.४ मान्यता प्राप्त वा सम्बन्धन प्राप्ती

यस अघि सरुमारानी गाउँपालिका मा आवद्ध/सूचीकरण भएका बालसमुहहरू एवं बालसंजाल यसै निर्देशिका बमोजिम आवद्ध/सूचीकरण भएको मानिने छ। आगामी दिनमा गठन एवं पुनरगठन हुने बालसमुह एवं बालसंजाल गाउँपालिकामा आफ्नो संस्था आवद्ध हुनुपर्ने र प्रगति विवरण पनि पेश गर्नुपर्नेछ।

### ७.५ संशोधन, खारेजी एवं बचाऊः

- यस निर्देशिकाको समय समयमा समिक्षा गरी गाउँ कार्यपालिकाबाट आवश्यक संशोधन गर्न सकिनेछ।
- यस निर्देशिकाको खारेजी गर्नु पर्ने भएमा गाउँ सभाको निर्णयानुसार खारेजी गर्न सकिनेछ।
- यस अघि भए गरेका बालसमुह एवं बालसंजाल गठन, पुर्नगठन एवं परिचालन सम्वन्धी सम्पूर्ण कार्य समेत यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

## अनुसुची १ : दफा ६.४.१ सँग सम्बन्धित

## बाल क्लब/संजाल सुचिकृत आवेदन फाराम

श्री प्रमुख ज्यू ,
सरुमारानी गाउँपालिकाको कार्यालय

प्युठान

*विषयः बाल समुह/संजाल सुचिकृत सम्बन्धमा ।*

महोदय,

प्रस्तुत विषय सम्बन्धमा तल उल्लेखित सूचना विवरण अनुसारको यस "**बाल समुह/संजाललाई बाल समुह/संजाल गठन एवं संचालन निर्देशिका , २०८१**" को परिच्छेद ६ को ६.४.१ बमोजिम त्यस गाउँपालिकामा सुचिकृत गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**बाल समुह/संजालको विवरण**

१. बाल समुह/संजालको नाम : ..........................................................................

२. बाल समुह/संजालको ठेगाना

**गा.पा.**: सरुमारानी **वडा नं.** :..............

**टोल** : ......................................................

३. बाल समुह/संजाल स्थापना भएको मिति :.......................................

४. बाल समुह/संजालको प्रकार

**समुदायमा आधारितः** ☐ **विद्यालयमा आधारितः** ☐ **अन्य (खुलाउने):** ☐

................

५. बाल क्लब/संजालको सञ्चालनमा सहजिकरण गर्ने

**मुख्य संस्था वा निकाय**

क. नाम : ............................................... ठेगाना : ...........................

**अन्य सहयोगी संस्था वा निकाय**

क. नाम : ............................................... ठेगाना : ...........................

ख. नाम : ................................................ ठेगाना : ...........................

ग. नाम : ................................................ ठेगाना : ...........................

६. संरक्षकको

**नामः**.......................................... ...........................................

**ठेगानाः** ..................................................................................

**सम्पर्क नं.: ....................................................................**

७. बाल समुह/संजालका मुख्य कामहरू

७.१. ............................................... ...................................................................

७.२. ....................................................................................................................

७.३. ....................................................................................................................

८ बाल समुह/संजालका सदस्य संख्या :

| लिङ्ग | आदिबासी/ जनजाति | दलित | ब्राहमण/ क्षेत्री | मधेसी | मुस्लिम | अन्य | जम्मा | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|---|---|
| बालक | | | | | | | | |
| बालिका | | | | | | | | |
| अन्य | | | | | | | | |
| जम्मा | | | | | | | | |

९. बालसमुह/संजालको कार्यसमितिका सदस्यहरूको विवरण :

| क्र. सं. | कार्यसमितिका सदस्यहरूको नामथर | पद | उमेर | बालक/ बालिका | अध्ययनरत कक्षा | बाल समुह/संजालमा आवद्ध भएको मिति | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*(सदस्यहरूको विवरणका लागि आवश्यक भएमा अलग्गै पाना संलग्न गर्न सकिनेछ ।)*

११. पत्राचार गर्ने ठेगाना

**सम्पर्क व्यक्ति वा संस्थाको नाम : ......................................................................**
**ठेगाना : ..................................................................................................**
**सम्पर्क नं.:.......................................................**

१२. विवरण भरेको मिति : ........................................

**<u>सम्बन्धित गाउँपालिकाले भर्ने</u>**

विवरण प्राप्त गर्ने कर्मचारीको नामथर : ............................................ हस्ताक्षर :

.......................

विवरवण प्राप्त गरेको मितिः ..................................................

सुचिकृत मिति ׳.................................. सुचिकृत नं.:

........................

**अनुसुची २ : दफा ६.४.२ संग सम्बन्धीत**

## सरुमारानी गाउँपाकिला बालसमुह तथा बाल संजालको सुचिकरण विवरण

| क्र.स. | बालसमुहको नाम | ठेगाना | बालसमुहको जम्मा सदस्य | | | बालसमुहको कार्यसमिति सदस्य | | | अध्यक्षको नाम | सम्पर्क नम्बर | संरक्षकको नाम (ठेगाना /संस्था) | सुचिकृत नम्बर | सुचिकृत गर्ने व्यक्तिको नाम | हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**अनुसुची ३ : दफा ६.४.३ संग सम्बन्धीत**

### सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्युठान

## बालसमुह/संजाल सुचिकृत प्रमाण-पत्र

बालअधिकारको प्रवर्द्धनमा अभिव्यक्त सामूहिक प्रतिवद्धताको सम्मान गर्दै प्युठान जिल्ला, सरुमारानी गाउँपालिका वडा नं. .......... को श्री ............... बालसमुहलाई बालअधिकार सम्बन्धी महासन्धी १९८९ र बालबालिका सम्बन्धी ऐन २०७५ को भावना एवं बाल समुह/ बालसंजाल गठन एवं संचालन सम्बन्धी निर्देशिका २०७८ को परिच्छेद ६ को दफा ६.४.१ बमोजिम सुचिकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

**सुचिकृत नं. :** ..............
**सुचिकृत मिति :** ...............................

....................
**प्रमुख प्रशासकीय अधिकृत**
**सरुमारानी गाउँपालिका**

अनुसुची ४ : दफा ६.४.४ संग सम्बन्धीत

## सरुमारानी गाउँपालिका बालसमुह तथा बाल संजालको नविकरण विवरण

| क.स. | बल समुहको नाम | ठेगाना | बालसमुहको जम्मा सदस्य | | | बालसमुहको कार्यसमिति सदस्य | | | अध्यक्षको नाम | सम्पर्क नम्बर | संरक्षकको नाम (ठेगाना /संस्था) | सुचिकृत नम्बर | नवीकरण गरेको मिति | नवीकरण मान्य हुने अन्तिम मिति | नविकरण गर्नेको हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मितिः २०८१।३।२३